# नविताको ओलम्पिक सम्भावना समाप्त



प्रतिस्पर्धाका क्रममा नविता श्रेष्ठ। *तस्बिर सौजन्य : श्याम चित्रकार*

काठमाडौं, जेठ १ (नागरिक)- नौ पटक टेबल टेनिसकी राष्ट्रिय च्याम्पियन नविता श्रेष्ठको पेरिस ओलम्पिक २०२४ खेल्ने लक्ष्य समाप्त भएको छ।

पेरिस ओलम्पिकका लागि दक्षिण एसियाली छनोट प्रतियोगितामा मंगलबार नविता क्वार्टरफाइनलमा श्रीलंकाकी प्रतिद्वन्द्वीसँग पराजित भइन्। लैनचौरस्थित राष्ट्रिय टेबल टेनिस प्रशिक्षण केन्द्रमा उनी श्रीलंकाकी इसारा मुदुरांगीसँग ४-३ ले स्तब्ध हुन पुगिन्। पहिलो तीन सेट गुमाउँदा नविता लज्जास्पद हारको संघारमा पुगेकी थिइन्। यस क्रममा इसाराले नवितामाथि ११-८, ११-४ र ११-६ को जित निकालिन्। तर, नविताले उत्कृष्ट पुनरागमन गर्दै खेल बराबरीको स्थितिमा ल्याइन्। त्यसपछिका तीन सेट नविताको पक्षमा रह्यो। नविताले १३-११, ११-५ र ११-२ ले सेट आफ्नो पारिन्। तर, निर्णायक सेटमा भने नविता चुकिन् र ओलम्पिक खेल्ने लक्ष्य पूरा हुन सकेन। यो सेट इसाराले ११-५ ले जितिन्।

नेपालकै इभाना थापाले महिला एकलमै सेमिफाइनल यात्रा तय गरेकी छन्। इभानाले सेमिफाइनलमा बुधबार श्रीलंकाकै बिमान्दी बन्दराविरुद्ध चुनौती प्रस्तुत गर्दै छिन्। उनले यसअघि बाई पाएकी थिइन्। नेपालका स्यान्टु श्रेष्ठ र संयोग कपालीले पुरुष एकलमा सेमिफाइनलमा स्थान पक्का गरेका छन्।

## भ्याली पब्लिक, सेब र गोल्डेनपिकलाई उपाधि

काठमाडौं, जेठ १ (नागरिक)- भ्याली पब्लिक, सेब र गोल्डेनपिकले सातौं बिएनए कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि मंगलबार जितेका छन्। वसुन्धराको नमुना टोलस्थित आयोजक वसुन्धरा नेसनल एकेडेमी (बिएनए) को कोर्टमा भएको थ्री बाइ थ्रीको सिनियर ब्वाइजमा गोल्डेनपिक तथा गर्ल्समा भ्याली पब्लिक च्याम्पियन भएका हुन्। सेब जुनियर ब्वाइज उपाधि (फुल कोर्ट) जित्न सफल भयो। सिनियर ब्वाइजको फाइनलमा गोल्डेनपिकले टिआइएललाई १९-१८ ले पराजित गर्‍यो। सिनियर गर्ल्सको उपाधि भिडन्तमा भ्याली पब्लिकले फेरिल्यान्डलाई १३-१० ले हरायो।

जुनियर ब्वाइजको फाइनलमा सेबले एन्जल्स हार्टमाथि २३-२२ को कठिन जित दर्ता गर्‍यो। सेबका जीवन खत्रीले ९ अंक जोडे। सिनियर ब्वाइजमा गोल्डेनपिकका सुविन तामाङ, सिनियर गर्ल्समा भ्याली पब्लिककी प्रकृति खड्का र जुनियर ब्वाइजमा जीवन खत्री 'मोस्ट भ्यलुएबल प्लेयर' घोषित भए। सिनियर ब्वाइजमा सारथि पाठशाला, सिनियर गर्ल्समा नेचर बोर्डिङ स्कुल र जुनियर ब्वाइजमा न्युटन हाइ स्कुल अनुशासित टिम बने।




# खेलकुदमा अधिकांश पुरानै कार्यक्रमको निरन्तरता

### नीति तथा कार्यक्रममा काठमाडौंको मूलपानी, मोरङको विराटनगर र कैलालीको फाप्ला क्रिकेट रंगशाला निर्माणलाई तीव्रता दिने उल्लेख गरिएको छ।

काठमाडौं, जेठ १ (नागरिक)- एक मात्र नयाँ विषय समावेश गर्दै सरकारले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि खेलकुद क्षेत्रका नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ।

राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार संसद्को संयुक्त बैठकमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए। तर, उक्त नीति तथा कार्यक्रममा खेलकुद क्षेत्रको विद्यमान समस्या हटाउने र एजेन्डालाई स्थापित गर्ने खालको हुन सकेन। यस क्रममा सरकारले विद्यालयस्तरका शिक्षक र विद्यार्थीहरूलाई खेलको तालिम दिने विषय नै सरकारको नीति तथा कार्यक्रमको नयाँ विषय हो। खेलक्षेत्रको विकासका लागि विद्यालयस्तरबाटै खेल तालिमको कार्यक्रम अगाडि बढाउने सरकारले उल्लेख गरेको छ। उमेरगत खेलकुद प्रतियोगिता सञ्चालन र खेलक्षेत्रमा महिला सहभागिता बढाउन कार्यक्रम ल्याउने जस्ता विषय सरकारको प्राथमिकतामा परे। यस्ता कार्यक्रमले भने खेलकुद विकासमा सघाउ पुग्ने विश्वास सरकारको छ। खेलाडीको सम्मान र वृत्तिविकासका लागि विशेष कार्यक्रम कार्यान्वयन गर्ने सरकारले घोषणा गरेको छ।

अधिकांश पुराना कार्यक्रमले नै निरन्तरता पाएको छ। सरकारले यस पटक पनि खेलकुद क्षेत्रका लागि दीर्घकालीन लक्ष्यसहित नयाँ कार्यक्रम दिन सकेन। पूर्वाधार निर्माण र प्रतियोगिता आयोजना गर्नेमा नै सरकारको खेल कार्यक्रम सीमित रह्यो। खेल विकासका साथै ठूलो अन्तर्राष्ट्रिय प्रतियोगितामा सफलता प्राप्त गर्न खेलकुदका ग्रासरुट कार्यक्रमले पनि प्राथमिकता पाउन सकेन।

नेपाली खेलकुदको कार्यकारी निकाय राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले हरेकजसो सार्वजनिक कार्यक्रममा विद्यालय तहबाट खेल विषय पाठ्यक्रममा समावेश गराइने र कर्पोरेट क्षेत्रले सामाजिक उत्तरदायित्वअन्तर्गत गर्नुपर्ने योगदानमा खेलकुदलाई नै विशेष प्राथमिकतामा राखेर अगाडि बढाइने जस्ता विषय उठाउँदै आएका थिए। यस क्रममा उनले यी कार्यक्रम समावेश गर्न सके धेरै खेलाडीले रोजगारी र सेवासुविधा पाउनुका साथै उनीहरूको जीवनयापन गर्न पनि मद्दत पुग्ने धारणा राख्दै आएका थिए। यद्यपि, उनले भनेजस्तो महत्त्वाकांक्षी कार्यक्रम आगामी नीति तथा कार्यक्रममा समावेश हुन सकेन।

घिसिङले भने सरकारले सम्बोधन गर्ने विषय धेरै रहेको र एकै पटक सम्बोधन हुन कठिनाइ हुने धारणा राखे। तर, विद्यालयका शिक्षक र विद्यार्थीलाई खेल तालिम गराउने विषय नीति तथा कार्यक्रममा समावेश हुँदा खेलकुद विकासमा टेवा पुग्ने उनको विश्वास छ। 'केही महत्त्वपूर्ण कार्यक्रम आएका छन्। खेलकुद राष्ट्रका सम्पूर्ण नागरिकले नै गौरव गर्ने क्षेत्र हो। त्यसैले केही अपर्याप्त र खुकुलो जस्तो देखिन सक्छ। सीमा सीमितताले लक्ष्यअनुरूप हुन नसकेको मान्न सकिएला। तर, सीमितताको बावजुद जेजे आए, त्यसमा खुसी नै छौं,' सदस्यसचिव घिसिङले भने।

अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा विजयी खेलाडीलाई सम्मान तथा पुरस्कृत गर्नुका साथै जीवननिर्वाह भत्ताको व्यवस्था गर्ने जस्ता आगामी वर्षको कार्यक्रममा समावेश भएका छन्। यस किसिमका कार्यक्रमले खेलाडीहरूको मनोबल उच्च गराउनेछ। साथै सरकारले खेलकुद पूर्वाधार निर्माणलाई उच्च प्राथमिकतामा राख्ने घोषणा गरेको छ। काठमाडौंको मूलपानी, मोरङको विराटनगर र कैलालीको फाप्ला क्रिकेट रंगशाला निर्माणलाई तीव्रता दिने यस पटकको नीति तथा कार्यक्रममा उल्लेख छ।

चितवनको भरतपुरमा निर्माणाधीन गौतमबुद्ध क्रिकेट रंगशाला निर्माण सम्पन्न गर्न सरकारले अग्रसरता देखाएको छ। संघ, प्रदेश र स्थानीय तहको साझेदारीमा उक्त निर्माणाधीन रंगशालाको काम अगाडि बढाइने कार्यक्रममा समावेश छ। साथै नेपालको एक मात्र अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला कीर्तिपुरको त्रिवि क्रिकेट मैदानको स्तरोन्नतिसहित थप निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइने सरकारले उल्लेख गरेको छ। सरकारले देशको मौलिक तथा परम्परागत खेल प्रवर्धन गर्ने भएको छ। नेपालको मौलिक खेल एवम् परम्परागत खेलको प्रवर्धन तथा प्रतिभावान् खेलाडीको खोजी गर्न राष्ट्रियस्तरका प्रतियोगिता आयोजना कार्यक्रममा उल्लेख गरिएको छ।

यद्यपि, कुनै किसिमका खेललाई सरकारले प्राथमिकता राखेको भन्ने चाहिँ स्पष्ट छैन। देशमा स्वस्थ नागरिक बनाउन सरकारले सबैको लागि खेलकुद तथा योग अभ्यासको सिर्जना गराउने आफ्ना कार्यक्रममार्फत सार्वजनिक गरेको छ। सरकारको नीति तथा कार्यक्रममा कर्णाली प्रदेशमा आयोजना हुने दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता पनि समावेश छ। सरकारले अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा नेपालको सहभागिता बढाउने र आधुनिक प्रविधियुक्त अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने जस्ता कार्यक्रमलाई प्रोत्साहन गरेको छ।


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ३ दिने सूचना

प्रकाशित मिति : २०८१/०२/०२ गतेको नागरिक राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय विराटनगर, मोरङबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ३ (तिन) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८१/०२/०४ गते/स्थान : शाखा कार्यालय विराटनगर, मोरङ**

**बोलपत्र खोलिने मिति/समय** — **२०८१/०२/०६ गते, आइतबार दिनको ३ बजे**

| क्र.सं. | ऋणीको नाम, ठेगाना | |
|---|---|---|
| १. | **नाम : अस्मिता सुनचादी पसल**<br>नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग, वाणिज्य कार्यालय, विराटनगर<br>प्रा.फ.र.नं. २४७८१/०६९/०७०, दर्ता मिति : २०६९/०६/१६<br>पान नं. ३०५५०२५६८, दर्ता मिति : २०६९/०२/०७<br>ठेगाना : मोरङ जिल्ला, उर्लाबारी गा.वि.स. वडा नं. २<br>**प्रोप्राइटर : कृष्ण कुमार अधिकारी** | **नाम : कृष्ण कुमार अधिकारी**<br>ना.प्र.नं. ८६२८, जि.प्र.का. मोरङ<br>जारी मिति : २०५०/०८/१३<br>बाबुको नाम : स्व. सन्त बहादुर अधिकारी<br>बाजेको नाम : लक्ष्मण अधिकारी<br>ठेगाना : मोरङ जिल्ला, मधुमल्ला वडा नं. ८<br>हाल : मोरङ जिल्ला, उर्लाबारी वडा नं. ५ |
| | **जमानतकर्ताको विवरण** | |
| | **नाम : जिता अधिकारी**<br>ना.प्र.नं. ०५२०४३/१४१०८, जि.प्र.का. मोरङ, जारी मिति : २०६८/०५/०७<br>पतिको नाम : कृष्ण कुमार अधिकारी, ससुराको नाम : स्व. सन्त बहादुर अधिकारी<br>ठेगाना : मोरङ जिल्ला, मधुमल्ला वडा नं. ८, हाल : मोरङ जिल्ला, उर्लाबारी वडा नं. ५ | |
| | **धितोको विवरण** | |
| | कृष्ण कुमार अधिकारीको नाममा मालपोत कार्यालय बेलबारी, मोरङमा दर्ता श्रेष्ता कायम रहेको मोरङ जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ५ च र ५ झ स्थित कित्ता नं. २५६८, १५६६ र १७६७ को क्षेत्रफल क्रमशः ०-०-१०-०, ०-०-१४-३ र ०-०-५-० (बि.क.धु.) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत। | |

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : विराटनगर, मोरङ, फोन नं. ०२१-५१७७७६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np



**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय :**
**बालुवाटार, काठमाण्डौ**
**फोन: ०१-४५२१८६१/६२/६३**

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८१/०२/०२ गतेको नागरिक राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/०२/२२ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीहरुले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय जुम्लाबाट तपसिलको कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **१. ऋणी: काली बहादुर बुढा**<br>बाबुको नाम : भक्त बुढा<br>बाजेको नाम : मादे बुढा<br>ठेगाना : गुठिचौर-०३, जुम्ला<br>ना.प्र.नं.: ४००३-१८०६, जारी मिति :२०५१/०४/१२<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला<br>**कर्जा शिर्षक : ब्यक्तिगत आवधिक कर्जा**<br>**कर्जा लिएको शाखा कार्यालय : जुम्ला**<br>**जमानीकर्ताको विवरण**<br>**क) नाम : नन्द बुढा**<br>बुवाको नाम : काली वहादुर बुढा<br>बाजेको नाम : भक्त बुढा<br>ठेगाना: गर्ज्याङ्गकोट-०१, जुम्ला, हाल: गुठिचौर-०३, जुम्ला<br>ना.प्र.नं.: ६०/८७३, जारी मिति: २०७०/०५/२६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला | **ख) नाम: श्रीकृष्ण बुढा**<br>बाबुको नाम : काली बहादुर बुढा<br>बाजेको नाम : भक्त बुढा<br>ठेगाना : गुठिचौर-०३, जुम्ला<br>ना.प्र.नं.: ६०-०१-७७-०१७०१<br>जारी मिति :२०७७/११/११<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला<br>**ग) नाम: सत्य देवी बुढा**<br>पतिको नाम: काली बहादुर बुढा<br>ससुराको नाम : भक्त बुढा<br>ठेगाना : गुठिचौर-०३, जुम्ला<br>ना.प्र.नं.: ४००४<br>जारी गर्ने कार्यालय: जि.प्र.का., जुम्ला |
| **सुरक्षणमा रहेको धितोको विवरण:** श्री मालपोत कार्यालय जुम्लामा श्री काली वहादुर बुढाको नाममा दर्ता कायम रहेको जिल्ला जुम्ला, गर्ज्याङकोट-०२ स्थित कि.नं.६ को क्षेत्रफल १३३०० व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | |

| ऋणीको विवरण | जमानीकर्ताको विवरण |
|---|---|
| **२. ऋणी: सरी बहादुर रावत**<br>बाबुको नाम : जयधुन रावत<br>बाजेको नाम : सिंग रावत<br>ठेगाना : कुडारी-०९, जुम्ला, हाल: तिला-०५, जुम्ला<br>ना.प्र.नं.: ६०/१२/२८०५, जारी मिति :२०५०/०२/०६<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला<br>**कर्जा शिर्षक : सरल आवधिक कर्जा**<br>**कर्जा लिएको शाखा कार्यालय : जुम्ला**<br>**सुरक्षणमा रहेको धितोको विवरण:** श्री मालपोत कार्यालय जुम्लामा श्री सरी बहादुर रावतको नाममा दर्ता कायम रहेको जिल्ला जुम्ला, कुडारी-०१(क) स्थित कि.नं. १४९४ तथा कुडारी-०९(घ) स्थित कि.नं. १२ को क्षेत्रफल क्रमशः ७५ र ७५५ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | **क) नाम: श्रीमती रुपा रावत**<br>बाबुको नाम : जसे थापा<br>पतिको नाम : सरी वहादुर रावत<br>ससुराको नाम : जयधुन रावत<br>ठेगाना : कुडारी-०१, जुम्ला, हाल: तिला-०५, जुम्ला<br>ना.प्र.नं.: ८११०, जारी मिति: २०५५/१२/२९<br>जारी गर्ने कार्यालय: जि.प्र.का., जुम्ला<br>**ख) नाम: खड्ग रावत**<br>बाबुको नाम : सरी बहादुर रावत<br>बाजेको नाम : जयधुन रावत<br>ठेगाना : तिला-०५, जुम्ला<br>ना.प्र.नं.: ६०-०१-७७-०१४४९<br>जारी मिति :२०७७/९/२०<br>जारी गर्ने कार्यालय : जि.प्र.का., जुम्ला |

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको खाता नं. ०२८-९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको अधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको खाता नम्बर ०२८-९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र शाखा कार्यालय जुम्लामा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।



**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

## आन्तरिक आय संकलनको लागि शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०२/०२

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आगामी आ.व. २०८१/०८२ को लागि बार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक, फर्म वा संस्थाले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा शिलबन्दी दरभाउपत्र बिद्युतीय माध्यमबाट (इ-विडिङबाट) खरिद तथा दाखिला गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक बार्षिक (मू.अ.कर सहित) | धरौटी रकम | शिलबन्दी दर भाउपत्र दस्तुर | दरभाउपत्र खरिद तथा दर्ता गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| BTMMUN/REVENUE/SQ-22/080/81 | जडिबुटी कर (अलैची लगायतका जडिबुटी), वनकस तथा जीवजन्तु कर | ६,००,०००/- | कबोल अंकको ५ प्रतिशत | १०००/- | २०८१/०२/१७ गते दिनको १२ बजे भित्र |

**शर्तहरु**

१. इच्छुक शिलबन्दी दरभाउपत्रदाताले फर्म/कम्पनीको दर्ता/नवीकरण प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र पेश गरी तोकिएको समय भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुपर्नेछ।
२. इ-विडिङमा पर्न आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजेपछि शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि र तोकिएका कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
३. शिलबन्दी दरभाउपत्र फारम खरिद बापतको रकम यस कार्यालयको एन. आइ. सि. बैङ शाखा विर्ताबजार हि.नं. २४६२०५००२८३५४००२ को आन्तरिक राजश्व खातामा जम्मा गरेको सक्कलै बैंक भौचर विद्युतीय माध्यमबाट पेश गर्नुपर्नेछ। शिलबन्दी दरभाउपत्रको दस्तुर बापतको रकम फिर्ता हुनेछैन।
४. शिलबन्दी दरभाउपत्रमा उल्लेखित कबोल अंकको ५ प्रतिशतले हुने रकम धरौटी बापत यस कार्यालयको एन.आइ. सि. बैक शाखा विर्ताबजारको हि.नं. २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्रबैंकबाट मान्यताप्रात्र क बर्गको बैंकले यस कार्यालयको नाममा जारी गरेको शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट ७५ दिन म्याद भएको विडवण्ड शिलबन्दी दरभाउपत्रसाथ दाखिला गर्नुपर्नेछ।
५. ठेक्का सम्बन्धी अन्य शर्त तथा विस्तृत विवरण bolpatra.gov.np/egp तथा विर्तामोड नगरपालिकाको वेबसाइट birtamodmun.gov.np बाट लिन सकिनेछ। शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नुपर्नेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


**नेपाल रिपब्लिक मिडिया**द्वारा प्रकाशित तथा मुद्रित, जेडिए कम्प्लेक्स, बागदरबार, काठमाडौं, रजिस्टर्ड नं. १६३/०५४/०५५, फोन : ५३६५१००, फ्याक्स : ५३५२२६२, इमेल : nagarik@nagariknews.com, अध्यक्ष : विनोदराज ज्ञवाली, सञ्चालक : शोभा ज्ञवाली, प्रधान सम्पादक : गुणराज लुइँटेल